पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

# पाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

---

# पाटन नगरपालिका बैतडीको स्वास्थ्य नीति, २०८३

---

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

# पाटन नगरपालिका बैतडीको स्वास्थ्य नीति, २०८३

## १. पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँचलाई नागरिकको मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। नागरिकलाई स्वस्थ बनाउन स्थानीय तहले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय, सर्वसुलभ, स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने दायित्वलाई पूरा गर्नको लागि पाटन नगरपालिकाले नगर भित्रका सबै नागरिकलाई स्वास्थ्य सेवामा समतामूलक पहुँच स्थापित गर्न आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नुको साथै आकस्मिक स्वास्थ्य सेवा बिस्तार गर्नु आवश्यक रहेको छ। संबिधान बमोजिम स्थानीय तहले सम्पादन गर्नुपर्ने कार्यहरुको एकल तथा साझा अधिकारहरुको सूची, नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, नेपालले विभिन्न समयमा गरेका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुको साथै पाटन नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य समस्या र चुनौतीहरु तथा अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाण समेतलाई आधार बनाई पाटन नगरपालिकाको स्वास्थ्य नीति, २०८३ तर्जुमा गरी जारी गरिएको छ।

## २. औचित्य

स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ। गुणस्तरीय तथा प्रभावकारी, विश्वसनीय, आधुनिक प्रविधीमैत्री स्वास्थ्य सेवा मार्फत समग्र मानव विकास सूचकांकहरुमा सुधार ल्याई यस नगरपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ।

पाटन नगरपालिका भित्र मातृ मृत्यु, नवजात शिशु तथा वाल मृत्युलाई वाञ्छित तह सम्म घटाउनु, परिवार योजनाका साधनहरुको अपरिपूर्त माग कम गर्नु, बाल बिवाह तथा उमेर नपुग्दै गर्भधारण हुने संख्यामा कमी ल्याउनु, बढ्दै गएको नसर्ने रोगको भारलाई नियन्त्रण गर्नु, कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपतको पूर्व तयारी र प्रतिकार्य योजना अनुसार तत्काल व्यवस्थापन गर्नु, सामाजिक स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सबै बिपन्न नागरिक सम्म पुर्याउनु, धुम्रपान र मद्यपान प्रयोगकर्ताको संख्यामा कमी ल्याउनु, निजी स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन र नियमन गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक समस्या, अपांगता भएका, एकल महिला, अति गरीव, गरीव तथा विपन्न, सीमान्तकृत र जोखिममा रहेका नागरिकहरूलाई आधारभूत, गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउन नगरपालिकाले दायित्व बोध गरेको छ। स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी आधुनिक स्वास्थ्य सेवा प्रणालीको विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढंगले सम्बोधन गरेर नगरपालिकाबासीहरुको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, उपचार र पुनर्स्थापना गर्न नगरपालिका भित्रका स्वास्थ्य, खानेपानी सरसफाई तथा पोषण सम्बन्धी आवश्यकता र विद्यमान अवस्थाका आधारमा यो नीति, तयार गरिएको छ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

**३. स्वास्थ्य नीति प्रक्रिया**

यो स्वास्थ्य नीति नगरभित्र रहेका विद्यमान स्वास्थ्य समस्याहरु र ती समस्याहरुलाई सम्बोधन गर्ने नगरपालिकाको क्षमताको लेखाजोखा गरी तथ्य र तथ्यांकहरुको आधारमा तयार गरिएको छ । नगरपालिका भित्रका स्वास्थ्य समस्याहरुको सामाधान तथा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यको प्रभावकारी कार्यान्वयनको लागि स्वास्थ्य नीतिको आवश्यकता महशुस गरियो । पहिलो चरणमा स्वास्थ्यकर्मी लगायतका व्यक्तिहरुसंग  छलफल गरी स्वास्थ्य समस्या तथा चुनौतिहरु पहिचान गरियो । दोश्रो चरणमा पहिचान भएका समस्या, चुनौती तथा आवश्यकताहरुका आधारमा मस्यौदा समितिले प्रारम्भिक मस्यौदा तयार गरि नगरपालिकाको बिधायन समितिमा पेश तथा छलफल गर्दै नगर स्वास्थ्य नीतिको मस्यौदामा थप सुधार गरी नगरका स्वास्थ्यकर्मीहरु, वडा अध्यक्ष सहितका जन प्रतिनिधिहरु तथा सरोकारवालाहरु संग छलफल गरियो । सरोकारवालाहरुले दिएको सुझावहरूको आधारमा परिमार्जन गरी यसको अन्तिम रूप तयार गरियो । यो नीति पाटन नगरपालिकाको कार्यपालिका बैठकबाट आवश्यक परिमार्जन सहित पारित गरी लागु गरिएको छ ।

**४. विद्यमान स्थिती**

बैतडी जिल्लाको कुल जनसंख्याको करिब १२ प्रतिशत जनसंख्या बसोबास गर्ने यस नगरपालिकाको जनघनत्व १३० प्रति वर्ग कि.मि. रहेको छ भने वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक (-०.३९%) अनुमान गरिएको छ । यस नगरपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न १ वटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र,  ८ वटा  स्वास्थ्य चौकी,  १ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र,  ५ वटा शहरी स्वास्थ्य केन्द्र, ६  वटा सुरक्षित प्रसुती केन्द्र, ३८ वटा  गाँउघर क्लिनिक, ४१ वटा  खोप क्लिनिक छन भने १०९ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रहेका छन । नगरपालिका अन्तर्गत १० वटा स्वास्थ्य संस्थाबाट पाँच प्रकारका परिवार नियोजनका साधन तथा २१ वटा स्वास्थ्य संस्थामा प्रसुती सेवा उपलब्ध छ । यस नगरपालिका भित्र  निजी क्षेत्रका ७ वटा औषधी पसल र एउटा पोलिक्लिनिकले सेवा प्रदान गर्दै आएका छन । आ.व. २०८१/०८२  मा DHIS-2 मा प्रविष्ट गरिएको तथ्यांक अनुसार यस नगरपालिकामा ७०९४६ जना बिरामीले बहिरंग सेवा लिएका मध्ये ६०.२० प्रतिशत महिलाहरु रहेका छन । यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा १ देखि १५ जना स्वास्थ्यकर्मीहरु मार्फत स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ । स्वास्थ्यकर्मी र जनसंख्याको अनुपात हेर्दा वार्षिक ३८५ जनसंख्या बराबर १ जना स्वास्थ्यकर्मी हुन आउछ ।

**५. पाटन  नगरपालिकामा बिद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरू**

**समस्याहरु:**

- क्यान्सर, मुटु, मृगौला, मधुमेह, स्वासप्रश्वास, मुख स्वास्थ्य, आँखा तथा मानसिक रोगहरु जस्ता नसर्ने रोगहरुको दर बढ्दै जानु ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

- कुपोषण दर वृद्धि हुदै जानु ।
- असुरक्षित खानेपानी तथा सरसफाईको कमीले झाडापखाला, टाईफाईड, भाईरल ज्वरो जस्ता विरामीहरु बारम्बार देखिनु ।
- स्क्रबटाईफस, डेंगी लगायतका किटजन्य संक्रमणहरु बढ्दै जानु ।
- पाटन नगरपालिका भित्र भौगोलिक विविधता अनुरुप स्वास्थ्य संस्थाहरुको संरचना भएता पनि सवै वर्ग, तह र क्षेत्रका नागरिकहरुको आधारभूत स्वास्थ्य सेवामा पहुँच अझै सुनिश्चित हुन नसक्नु ।
- स्वास्थ्य संस्थाहरुका भवन तथा आवास, खोप तथा गाउँघर क्लिनिकका भवन, खानेपानी, स्वास्थ्यजन्य फोहोर ब्यबस्थापन जस्ता भौतिक पूर्वाधारहरु मापदण्ड अनुसार नभएकाले सेवा प्रवाहमा कठिनाई हुनु ।
- आयुर्वेदिक तथा बैकल्पिक उपचार पद्धतीहरूको सेवा प्रवाह तथा समुचित सदुपयोग हुन नसक्नु ।
- जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरू, किशोर-किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य तथा विद्यालय जाने बालबालिकाका लागि लक्षित स्वास्थ्य सेवाहरूको पहुँचमा कमी ।
- स्वास्थ्यकर्मीहरुको आवश्यकता अनुसारका तालिम, क्षमता अभिवृद्धि तथा उत्प्रेरणामा कमी ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन तथा उत्प्रेरणामा कमी ।

**चुनौतीहरु**

- जन्मदर कम हुदै जानु ।
- गर्भपतन गर्नेको संख्यामा वृद्धि हुदै जानु ।
- बसाइ सराईका कारणले तोकिएका सूचकहरुको लक्ष्य अनुसारको प्रगतिमा कमी आउनु ।
- अस्वस्थकर खानपान तथा पत्रु खानाको उपभोग, सुर्तीजन्य पदार्थ, लागू पदार्थ एवं मदिरा सेवन गर्नेहरुको संख्या वृद्धि हुदै जानु ।
- वाल विवाह तथा किशोरावस्थामै गर्भवती हुने संख्या बढ्दै जानु ।
- नवजात शिशु तथा पाँच वर्षमुनिका बालबालिकाको मृत्यु दर घटन नसक्नु ।
- अस्वस्थकर जीवन शैलीका कारण नसर्ने रोगहरु वृद्धि हुदै जानु ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

- सबै वडा तथा टोलहरुमा बिकासका पूर्वाधार (बाह्रै महिना सवारी साधन चल्ने सडक, बिजुली, टेलिफोन, खानेपानी आदि) को कमी।

- विभेदपूर्ण लिंग छनौट तथा गर्भपतन गराउनेहरुको संख्या वृद्धि हुदै जानु।

- स्वास्थ्य क्षेत्रमा पर्याप्त लगानीको नहुनु।

- नागरिकहरुको चेतनाको स्तर अनुसार सकारात्मक व्यवहार परिवर्तन नहुनु, स्वस्थकर व्यवहार परिवर्तन नगर्नु, धामीझाँक्री जस्ता परम्परागत अभ्यासमा निर्भरताका कारण आधुनिक स्वास्थ्य सेवाहरुको उपभोगमा कमी।

**अवसर**

- नगरपालिकाले आफ्नो आवश्यक्ता अनुसार बजेट बिनियोजन तथा आवश्यक कानून, निर्देशिका, मापदण्ड स्वीकृत गरि लागु गर्न सक्ने।

- गैर-सरकारी संघ संस्था तथा दातृ-निकायहरुको सहयोग प्राप्त गर्न सकिने।

- संघीय तथा प्रदेश सरकारद्वारा बिभिन्न कार्यक्रम, बजेट, औषधी तथा स्वास्थ्य सामग्रीहरुको आपूर्ति, तालिम, अनुगमन तथा पृष्ठ पोषण प्राप्त हुने।

- स्वास्थ्य बिमा बोर्ड मार्फत लक्षित बर्गको नि:शुल्क स्वास्थ्य विमा गरिनु।

## ६. स्वास्थ्य नीतिको निर्देशक सिद्धान्त

माथि उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा नगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्तहरुको आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन।

- गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको सर्वव्यापी पँहुच
- नगर स्वास्थ्य प्रणालीमा बहुक्षेत्रीय सहभागीता, सहकार्य र साझेदारी
- सीमान्तकृत समुदाय लक्षित विशेष स्वास्थ्य सेवा
- स्वास्थ्य बिमा मार्फत सामाजिक स्वास्थ्य सुरक्षा
- स्वास्थ्य सुशासन र जन केन्द्रित स्वास्थ्य सेवा
- नगरपालिकाका सबै नीतिमा स्वास्थ्य

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

- आधारभूत स्वास्थ्य सेवा प्रवाहमा व्यवसायिकता, इमान्दारीता र नैतिकता

**७. नगर स्वास्थ्य सेवामा मुख्य सरोकारवालाहरु र तिनीहरुको भूमिका**

**क. संघीय सरकार :**

- राष्ट्रिय नीति निर्माण र मार्गदर्शन
- न्यायोचित राजस्व बाँडफाँड र अनुदान हस्तान्तरण
- परिवार योजनाका साधन, पोषण सामग्री, खोप लगायतका स्वास्थ्य सामग्रीको आपूर्ति
- अन्तर्राष्ट्रिय साझेदारी, अनुगमन र नियमन

**ख. प्रदेश सरकार**

- प्रदेश स्तरीय नीति तथा योजना विकास
- मानव संशाधन व्यवस्थापनको पदपूर्ति तथा सरुवा
- बजेट बिनियोजन र अनुगमन
- स्वास्थ्य सम्बन्धी तालिम संचालन

**ग. स्थानीय तह**

- आधारभूत स्वास्थ्य सेवा प्रवाहमा नेतृत्व
- बजेट बिनियोजन तथा कार्यान्वयन
- स्थानीय आवश्यकता अनुसार कार्यक्रम निर्माण एवं कार्यान्वयन
- मानव संशाधन व्यवस्थापन
- भौतिक पूर्वाधार निर्माण

**घ. विकास साझेदारहरु**

- प्राविधिक सहयोग
- वित्तीय सहयोग र स्रोत परिचालन
- अनुगमन/मूल्यांकनमा सहकार्य



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

- अन्तर्राष्ट्रिय अनुभव आदान–प्रदान

**ङ. निजी तथा गैरसरकारी क्षेत्र**

- पुरक सेवा प्रवाह (क्लिनिक, ल्याब, विशेषज्ञ सेवा)
- सार्वजनिक निजी साझेदारी मोडलको प्रवर्द्धन
- स्वास्थ्य सचेतना कार्यक्रम संचालन

**च. नागरिक समाज**

- नीति बहसमा नागरिक आवाजको प्रतिनिधित्व
- समुदायसँगको शसक्त सम्वाद र शसक्तिकरण
- सामाजिक जवाफदेहिता प्रवर्द्धन
- सिमान्तकृत समूहका मुद्दा उजागर गर्ने

**छ. समुदाय**

- सेवा प्रवाहमा सहभागिता र निगरानी
- स्थानीय आवश्यकता र सन्देश प्रवाहमा सहकार्य
- स्वस्थकर बानी व्यवहार अवलम्बन
- स्वयंसेवक,  आमा समूह, युवा समूहको संलग्नता

**८. भावी सोच (Vision)**

नगरपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक तथा भावनात्मक रूपमा स्वस्थ, उत्पादनशील, सक्षम र सुखी जीवन यापन गर्न सक्ने वातावरण निर्माण गर्ने।

**९. ध्येय (Mission)**

स्वास्थ्य क्षेत्रमा सबै सरोकारवाला बीचको समन्वय र साझेदारी मार्फत उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी नागरिकका आधारभूत स्वास्थ्य अधिकार सुनिश्चित गर्दै गुणस्तरीय, समावेशी, न्यायसंगत, जवाफदेही र पहुँच योग्य सेवा प्रवाह गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

## १०. लक्ष्य (Goal)

पाटन नगरपालिकाका सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने ।

## ११. उद्देश्यहरू (Objectives)

- पाटन नगरपालिकाका सबै नागरिकहरुलाई आवश्यक, गुणस्तरीय, न्यायसंगत र समयमै स्वास्थ्य सेवा प्रदान गर्ने प्रणाली विकास गर्ने ।
- स्थानीय स्तरमा आवश्यक संख्यामा दक्षता र समतामुलक वितरण सहितको स्वास्थ्य जनशक्ति व्यवस्थापन र क्षमता अभिवृद्धि गर्ने ।
- तथ्यमा आधारित योजना, निर्णय र अनुगमनका लागि भरपर्दो र अद्यावधिक स्वास्थ्य सूचना प्रणाली अवलम्बन गर्ने ।
- जीवन रक्षक औषधी, अत्यावश्यक उपकरण र डिजिटल प्रविधिमा पहुँच र उपयोग सुनिश्चित गर्ने ।
- संघीयता अनुरूप स्थानीय सरकारको स्वास्थ्यमा नेतृत्वदायी भूमिका स्थापित गर्दै बजेटको न्यायोचित व्यवस्था, र सबै सरोकारवाला बीच समन्वय र उत्तरदायित्वमा आधारित स्वास्थ्य प्रणाली निर्माण गर्ने ।

## १२. नीतिहरु

पाटन नगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्बोधन गर्दै नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिकाले देहायका नीति अवलम्बन गरेको छ ।

१. पाटन नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ ।

२. पाटन नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गरिनेछ ।

३. नसर्ने रोग तथा मानसिक रोगको बढ्दै गईरहेको भारलाई मध्यनजर गर्दै यसको रोकथाम र नियन्त्रण गरिनेछ ।

४. पाटन नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य उपकरण र पूर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

५. सुरक्षित मातृत्व, बाल स्वास्थ्य सेवा, परिवार नियोजन, किशोरावस्था, जेष्ठ नागरिक लगायतका सबै उमेर समूहको लागि प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अवलम्बन गरिनेछ।

६. पाटन नगरपालिका भित्र स्वास्थ्य जनशक्ति ब्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ।

७. नगरपालिका भित्र आयुर्वेद लगायतका अन्य वैल्कपिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ।

८. स्वास्थ्य सूचना प्रणाली र अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई पाटन नगरपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ।

९. पाटन नगरपालिकाका बासिन्दाहरुको स्वास्थ्य बीमा सुनिश्चित गरी लक्षित बर्ग र सिमान्तकृत समुदायको स्वास्थ्य सेवामा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिनेछ।

१०. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ।

११. सरुवा तथा संक्रामक रोगहरुको रोकथाम, निवारण, नियन्त्रण, महामारी नियन्त्रण जस्ता आकस्मिक कार्यका लागि अन्य साझेदार क्षेत्र तथा सरोकारवालाहरु संगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१२. स्वास्थ्य क्षेत्रमा नगरपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय, प्रदेश सरकार तथा निजी क्षेत्र लगायत अन्य लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ।

१३. स्वास्थ्य क्षेत्रमा प्रभाव पार्ने बृहत निर्धारकहरुको अध्ययन गरी त्यसबाट स्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न आवश्यक पहल गरिनेछ।

१४. समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन, स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको सुरक्षा सुनिश्चित गरिनेछ।

१५. नगरपालिकाबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यवर्द्धक र स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन र उपभोगलाई प्रोत्साहन गर्दै बहुक्षेत्रीय पक्षहरुसंग समन्वय र सहकार्य गरिनेछ।

१६. जनसंख्या संरचना र प्रवृत्तिलाई समग्र विकासको आधार मानी, जनसंख्या व्यवस्थापनलाई पाटन नगरपालिकाको नीतिगत प्राथमिकता तथा दीर्घकालीन विकास योजनाको अभिन्न अंग बनाइनेछ।

१७. गुणस्तरीय अत्यावश्यक औषधीमा सबै सर्वसाधारणहरुको सहज पहुँच सुनिश्चित गरिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

१३. रणनीतिहरु

**नीति: १. पाटन नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ।**

- पाटन नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराइनेछ।
- भूगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा स्तरोन्नति गरिनेछ।
- पाटन नगरपालिकामा आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना तयार गरी लागू गरिनेछ।
- नगरपालिका र सबै सरोकारवालाबीच सहकार्य गर्दै निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत सेवा, स्वास्थ्य बीमा र सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरूको समन्वित, पहुँचयोग्य र प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**नीति: २. पाटन नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गरिनेछ।**

- संघीय तथा प्रदेश सरकार र संघ संस्थाहरुसंगको सहकार्यमा प्राथमिक स्वास्थ्य केन्द्र पाटनलाई आधारभूत अस्पतालमा स्तरोन्नति गरी विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउनुको साथै विशेषज्ञ स्वास्थ्य शिबिर संचालन गर्न पहल गरिनेछ।
- पाटन नगरपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य इकाई, गाउँघर क्लिनिक, खोप केन्द्र, तथा घरदैलो सेवा मार्फत टोल वस्तीहरुमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ।
- आधारभूत स्वास्थ्य सेवा बाहेकका विशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न विभिन्न संघ संस्था तथा सेवा प्रदायक अस्पतालहरुसंगको साझेदारीमा टेलिमेडिसिन, स्मार्ट डिजिटल स्वास्थ्य सेवा जस्ता सेवा विस्तार गरी विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच वृद्धि गरिनेछ।
- पाटन नगरपालिकाका ग्रामीण भेगमा समय समयमा विशेषज्ञ सेवा सहितको निःशुल्क स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

**नीतिः ३. नसर्ने रोग तथा मानसिक रोगको बढ्दै गईरहेको भारलाई मध्यनजर गर्दै यसको रोकथाम र नियन्त्रण गरिनेछ।**

- सूर्तिजन्य पदार्थ तथा मादक पदार्थको उत्पादन तथा उपभोगलाई निरुत्साहित गरिने छ।
- सूर्तिजन्य तथा मादक पदार्थ जस्ता हानीकारक वस्तु बिक्री वितरण र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ। यस्ता वस्तुको उत्पादन, बिक्री वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी प्रचलित कानूनहरु कार्यान्वयन गर्न पहल गरिनेछ।
- नसर्ने रोगको समयमै पहिचान, रोकथाम तथा उपचार गर्न नियमित तथा बिशेष शिविरहरु मार्फत स्वास्थ्य संस्थाहरु तथा समुदायमा स्क्रिनिङ सेवाहरु (Uterine Prolpses, Obstetrics Fistula, RFT, VIA, PAP smear, Mammography, Diabetes, HTN आदि) उपलब्ध गराईनेछ।
- मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवा मार्फत सबै तहका स्वास्थ्य संस्थाबाट मानसिक स्वास्थ्य सेवा प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर संचालन गरिनेछ।
- मानसिक स्वास्थ्य समस्याहरुको अवस्था तथा कारक तत्वहरुको पहिचान गरी तिनीहरुको न्यूनीकरण गर्ने साथै मानसिक स्वास्थ्य सम्वन्धी भ्रम चिर्दै उनीहरु माथि हुने विभेदको अन्त्य गरिनेछ।
- Package of Essential Non-communicable (PEN) Program लाई सबै स्वास्थ्य संस्थाबाट लागू गरी नियमित सेवा प्रवाह गरिनेछ।
- स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण, प्रयोगशाला परीक्षण जस्ता स्वास्थ्य प्रबर्द्धनका कृयाकलापहरू स्थानीय स्वास्थ्य संस्थासंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ।
- योग अभ्यास तथा शारीरिक ब्यायाम जस्ता क्रियाकलापहरुलाई प्रवर्द्धन गरिनेछ र त्यसको लागि आवश्यक पूर्वाधार एवं योग प्रशिक्षकको व्यवस्था गरिनेछ।

**नीतिः ४. पाटन नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य उपकरण र पूर्वाधारको समुचित व्यवस्था मिलाईनेछ।**

- पाटन नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाइ, बिद्युत (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार स्वास्थ्यजन्य फोहोरमैला बिसर्जन गर्ने कार्यको व्यवस्था गरिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

- प्रत्येक स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधार, औजार उपकरण, कर्मचारी आवासको क्रमशः व्यवस्था गर्दै लगिनेछ।

- पाटन नगरपालिकामा सुविधा सम्पन्न आधुनिक औषधि भण्डार कक्ष, कोल्डचेन रुम, बायोमेडिकल-ईन्जिनिरियङ सेवालाई क्रमशः स्थापना गरी ब्यवस्थित रुपमा संचालन गरिनेछ।

- सबै स्वास्थ्य संस्थाहरुमा आपूर्ति व्यवस्थापन प्रणाली (pams-v2) अवलम्वन गरि प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ।

**नीति: ५. सुरक्षित मातृत्व, बाल स्वास्थ्य सेवा, परिवार नियोजन, किशोरावस्था, जेष्ठ नागरिक लगायतका सबै उमेर समूहको लागि प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याउने रणनीति अबलम्बन गरिनेछ।**

- राष्ट्रिय तथा प्रादेशिक लक्ष्य अनुसार नगरपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, उत्तर प्रसूती जाँच, परिवार योजना, बाल स्वास्थ्य, पोषण, क्षय, कुष्ठ रोग निवारण, राष्ट्रिय खोप लगायतका कार्यक्रमलाई वडाहरु संग समन्वय गरी प्रभावकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइनेछ।

- राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ। पाटन नगरपालिकालाई पूर्णखोप सुनिश्चित नगरपालिका घोषणा गरी दिगोपना कायम गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- Focusing Resources on Effective School Health (FRESH) जस्तो नविनतम अवधारणा अनुसरण गरी विद्यालय स्वास्थ्य कार्यक्रम लागु गरिनेछ।

- मातृमृत्यु दर, नवजात शिशु तथा बालमृत्युदर घटाउने जस्ता महत्वपूर्ण सूचांकहरुमा आधारित लक्ष्यहरु तय गरी आवधिक कार्ययोजनाहरु तयार गरी लागु गरिनेछ। साथै नगरपालिकाको आपतकालीन स्वास्थ्य पूर्व तयारी योजना निर्माण गरि लागु गरिनेछ।

- आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रवाह हुने सेवालाई किशोर किशोरी यौन तथा प्रजननमैत्री स्वास्थ्य सेवा सुनिश्चित गरी निरन्तरता दिईनेछ।

- प्रसुतिकेन्द्रहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ। प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नर (Stabilization center, Newborn Care Unit/ Newborn Intensive Care Unit) को सुबिधा उपलब्ध गराइनेछ। साथै स्वास्थ्य संस्थामा आकस्मिक मातृ सुरक्षा कोष स्थापना गरिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

- नगरपालिका क्षेत्र भित्र उच्च रहेको विभेदपूर्ण लिंग छनौट र बाल बिबाह न्यूनीकरण गर्न कार्ययोजना तयार गरी लागु गरिनेछ ।
- परिवार योजना कार्यक्रम प्रभावकारी बनाउन सवै स्वास्थ्य संस्थाबाट ५ प्रकारका परिवार योजना साधनहरु उपलब्ध गराउने र स्वास्थ्य कार्यालय बैतडी लगायतका अन्य सरोकारवाला संघ संस्थाहरुसंग समन्वय गरी स्थायी बन्ध्याकरण शिविर संचालन गरिनेछ ।
- जेष्ठ नागरिकका लागि घरमै सेवा दिने प्रविधिमैत्री तथा पहुँच योग्य स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।
- नियमित स्वास्थ्य परीक्षण, वृद्धावस्थामा हुने दीर्घरोगहरूको व्यवस्थापन गरिनेछ । स्वास्थ्य संस्थालाई जेष्ठ नागरिकमैत्री बनाइनेछ ।

**नीति: ६. नगरपालिका भित्र स्वास्थ्य जनशक्तीको ब्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।**

- नगरपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ती गुरुयोजना निर्माण गरी लागु गरिनेछ ।
- विशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती ब्यवस्थापनका लागि संघीय, प्रदेश सरकार एवं शिक्षालयहरु संग समन्वय र सहकार्य गरिनेछ ।
- जवाफदेहीपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तीको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा पाटन नगरपालिकामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई सेवा प्रति उत्प्रेरित गर्न प्रोत्साहन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको कार्यसम्पादन मूल्यांकनलाई व्यवस्थित र नातिजा मुलक बनाइ लागु गरिनेछ । कार्यसम्पादन मूल्यांकनको नतिजाको आधारमा उत्कृष्ट स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ ।
- स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि स्थायी दरवन्दीमा स्थायी तथा सेवा करारमा पदपूर्तिका लागि पहल गरिनेछ ।
- आवश्यकता र क्षमताको आधारमा स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी संरचनाको निर्धारण गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको दक्षता अभिवृदिका लागि विषयगत तालिम, गोष्ठी तथा विभिन्न निकायहरुसंग सहकार्य गरी आवश्यक तालिममा पठाउने व्यवस्था गरिनेछ ।
- नगरपालिका अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकहरुलाई सेवा प्रति उत्प्रेरित गर्न प्रोत्साहन गर्ने कार्य गरिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

* साठी वर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकहरुलाई विशेष सम्मान सहित विदाइ गरिनेछ साथै समय अनुकूल महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकहरुको मापदण्ड निर्धारण गरी लागु गरिनेछ।
* ५० बर्ष पुरा भएका जटिल प्रकारका रोग लागि सेवा प्रवाह गर्न नसक्ने, शारिरीक अपांगता कारण सेवा प्रवाह गर्न नसक्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकहरुलाई विशेष सम्मान सहित विदाई गरिनेछ

**नीति: ७. नगरपालिका भित्र आयुर्वेद लगायतका अन्य बैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ।**

* आयुर्वेदिक एवं अन्य बैकल्पिक चिकित्सा सेवालाई राष्ट्रिय स्वास्थ्य सेवासंग एकीकृत गर्दै नि:शुल्क रुपमा प्रदान गर्न आवश्यक संस्थागत संरचनाको व्यवस्था गरिनेछ।
* निजी क्षेत्रबाट संचालित आधुनिक, बैकल्पिक स्वास्थ्य सेवा साथै परम्परागत स्वास्थ्य सेवालाई मूल धारमा ल्याउन निश्चित मापदण्ड निर्धारण गरी संचालन, व्यवस्थापन र नियमन गरिनेछ।

**नीति: ८. स्वास्थ्य सूचना प्रणाली र अनुसन्धानलाई गुणस्तरीय बनाइ अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ।**

* अनुसन्धानबाट प्राप्त तथ्यमा आधारित स्वास्थ्य समस्याहरुको समाधान मार्फत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन नगरपालिका भित्र अनुसन्धान कार्यलाई प्राथमिकता दिइनेछ।
* पाटन नगरपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ।
* नगरपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ।
* पाटन नगरपालिकाका स्वास्थ्य संग सम्बन्धित सुचनाहरु प्रभावकारी र व्यवस्थित बनाउन स्वास्थ्य संस्थाहरुवाट सेवाग्राहीहरुको सम्पूर्ण विवरण eHMIS Software मा राखी Online माध्यम (eHMIS/ Dhis-2) मार्फत Recording , Reporting तथा गुणस्तरीय तथ्याक विश्लेषण कार्यलाई बिस्तार तथा नियमित गरिनेछ।

**नीति: ९. पाटन नगरपालिकाका बासिन्दाहरुको स्वास्थ्य बिमा सुनिश्चित गरि लक्षित बर्ग र सिमान्तकृत समुदायको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिनेछ।**

* स्वास्थ्य बिमा कार्यक्रमलाई प्राथमिकता दिई स्थानीय तहको नीति, योजना र बजेटमा अनिवार्य रूपमा समावेश गरिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

- विपन्न तथा लक्षित वर्गलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा समावेश गराइनेछ।
- स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनका लागि सेवा प्रदायक संस्था र बिमा बोर्डसँग निरन्तर समन्वय गरिनेछ।
- स्वास्थ्य विमा कार्यक्रमलाई दिगो बनाउन आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।
- सेवा गुणस्तर सुधार, गुनासो व्यवस्थापन र उत्तरदायित्व सुनिश्चित गर्न नगरपालिकाको निगरानी तथा जवाफदेहिता रहनेछ।

**नीतिः १०. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता शुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ।**

- स्वास्थ्य सेवालाई व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाउन निजी तथा सरकारी स्वास्थ्य संस्थाहरूसँग नियमित बहुपक्षीय समन्वय बैठक आयोजना गर्ने व्यवस्था मिलाइनेछ।
- निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको सन्दर्भमा प्रचलित ऐन, नियमावली अनुसार इजाजत दिने, नियमन तथा अनुगमन गर्ने, नवीकरण गर्ने व्यवस्था गरिनेछ।
- स्वास्थ्य सेवा प्रवाहको अनुगमन गर्न स्थानीय अनुगमन समिति गठन गरिनेछ, र त्यसको प्रभावकारी क्रियाशीलताको सुनिश्चितता गरिनेछ।
- निजी सेवा प्रदायक संस्थाहरूबाट हुने न्यूनतम मापदण्ड सहितको सेवा शुल्क, औषधि प्रयोग, र चिकित्सकीय अभ्यासहरू लागू गरिनेछ।
- सबै तहका स्वास्थ्य संस्थाहरुमा न्युनतम सेवा मापदण्ड (MSS) तयार गरी लागू गरिनेछ। MSS को मूल्यांकनको आधारमा गुणस्तरमा कमी देखिएका स्वास्थ्य संस्थाहरूलाई सुधारका लागि आवश्यक कार्यहरु गरिनेछ।
- न्युनतम सेवा मापदण्ड (MSS) लाई आवश्यकता र सम्भावनाको आधारमा नगरपालिका स्तरको छुट्टै मापदण्ड समेत बनाई लागु गर्न पहल गरिनेछ।
- बिभिन्न सरकारी, गैर-सरकारी तथा निजी संघ संस्था, कार्यालयहरु संग आवश्यक समन्वय, सहकार्य एवं साझेदारी गरी स्वास्थ्य क्षेत्र सुधार तथा तोकिएका राष्ट्रिय लक्ष्यहरु हासिल गर्न आवश्यक पहल गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत



नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

**नीतिः ११. सरुवा तथा संक्रामक रोगहरुको रोकथाम, निवारण, नियन्त्रण, महामारी नियन्त्रण जस्ता आकस्मिक कार्यका लागि अन्य साझेदार क्षेत्र तथा सरोकारवालाहरुसंगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिनेछ।**

- नगरपालिका तथा वडा स्तरीय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्धार टोलीसँग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरिनेछ।
- सङ्क्रामक रोगहरूको रोकथाम नियन्त्रण र निवारण गर्ने सम्बन्धी कार्यक्रम कार्यान्वनयनको अनुगमन गरी सो को प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- समयमै संक्रामक र महामारीजन्य रोगको पहिचान गर्न नियमित तथा विशेष शिविरहरू मार्फत स्वास्थ्य संस्थाहरू र समुदायमा स्क्रिनिङ सेवाहरू सञ्चालन गरिनेछ।
- खोपबाट रोकथाम गर्न सकिने रोगहरूको रोकथाम नियन्त्रण तथा निवारणका लागि निगरानी प्रणाली (Surveillance System ) लाई प्रभावकारी बनाइनेछ।
- तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने व्यवस्था क्रमशः मिलाइनेछ।
- नगरपालिका भित्र सरकारी, निजी, सामुदायिक रुपमा संचालन हुने एम्बुलेन्स सेवालाई राष्ट्रिय एम्बुलेन्स सेवा निर्देशिका अनुसार व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाईनेछ। यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिनेछ। गर्भवती, प्रसुती तथा नवजात शिशुहरुमा जटिलता उत्पन्न भई आकस्मिक रुपमा अस्पताल प्रेषण गर्नु पर्ने अवस्था आएमा एम्बुलेन्स निशुल्क गर्ने वा तोकिएको यातायात खर्च उपलब्ध गरिनेछ।
- नगरपालिकाले आफै वा संघ संस्थाहरुसंगको समन्वयमा शव वाहनको समेत व्यवस्थापन गरि संचालनमा ल्याईनेछ।
- पाटन नगरपालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाईनेछ र पाटन नगरपालिका भित्रका रणनीतिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्री जगेडाको ( Buffer Stock) को रूपमा राखिनेछ।
- पाटन नगरपालिका स्तरीय आकस्मिक स्वास्थ्य परिचालन केन्द्र (HEOC) र Early Warning Reporting System (EWARS) प्रभावकारी बनाइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

- दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परी संकटमा रहेका (सुत्केरी व्यथा, चोटपटक आदि) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश र संघ सरकार सँग समन्वय गरिनेछ।
- संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संचालित क्षयरोग, कुष्ठरोग, एच.आई.भी/एड्स, किटजन्यरोग सम्बन्धी कार्यक्रम कार्यान्विनयनको अनुगमन गरी सो को प्रभावकारी रुपमा संचालन गर्दै आवश्यकता अनुसार परिमार्जित गर्दै लगिनेछ।
- स्वास्थ्य संस्था जन्य फोहोरको ब्यवस्थापन तथा बिसर्जन सम्बन्धी संघीय तथा प्रादेशिक मापदण्डलाई पाटन नगरपालिका स्तरमा प्रभावकारी रुपमा लागू गरिनेछ।

**नीति: १२ . स्वास्थ्य क्षेत्रमा नगरपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय, प्रदेश सरकार तथा निजी क्षेत्र लगायत अन्य लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ।**

- औषधीको समुचित व्यवस्थापन र वितरणका लागि पाटन नगरपालिका स्तरीय औषधी भण्डारणको (Medical Store) व्यवस्थापन गरिनेछ।
- संघ, प्रदेश सरकारबाट प्राप्त वित्तीय सामानिकरण अनुदानको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि बिनियोजन गरिनेछ।
- पाटन नगरपालिका भित्र गैर सरकारी तथा निजी क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गरिनेछ।

**नीति: १३. स्वास्थ्य क्षेत्रका बृहत निर्धारकहरुको अध्ययन गरी त्यसबाट स्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न आवश्यक पहल गरिनेछ।**

- पाटन नगरपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ।
- समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिनेछ।
- वडाहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत



नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

- दुर्गम बस्तीहरुमा स्वास प्रस्वास रोगको कारक मानिएको घरभित्रहुने धुँवा (Indoor pollution) नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिनेछ र सो अभियान क्रमिक रुपमा बिस्तार गरी पूर्ण सफा चुलो युक्त नगरपालिका घोषणा गरिनेछ।
- खुला दिशामुक्त नगरबाट पूर्ण सरसफाइ युक्त नगर घोषणा गर्न आवश्यक कार्यहरु गरी दिगोपना सुनिश्चित गर्न रणनीति तयार गरी कार्यान्वयन गरिनेछ।
- पाटन नगरपालिका भित्र खानेपानी, वातावरण तथा ध्वनि प्रदुषण नियन्त्रण गर्न राष्ट्रिय गुणस्तर मापदण्डको कार्यान्वयन र नियमन गरिनेछ।
- जलवायु परिवर्तनका कारण र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानी (Occupational and Work Related Health Problems) बाट वचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

**नीति: १४ . समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन, स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको सुरक्षा सुनिश्चित गरिनेछ।**

- स्वास्थ्य क्षेत्रमा समुदायको सहभागिता गराइ आफ्नो स्वास्थ्य प्रति सम्बेदनशील बनाउन र तोकिएका लक्ष्य तथा उपलब्धी हासिल गर्न आवश्यक कार्यहरु गरिनेछन।
- स्वास्थ्य सेवामा हुने ढिलासुस्ती, लापरवाही तथा गुणस्तरहीन कार्यलाई निरुत्साहित गर्दै सेवा प्रदायकहरुलाई आफ्नो काम, कर्तब्य र जिम्मेवारी प्रति जवाफदेही बनाइनेछ।
- स्वास्थ्य सुशासन कायम गर्नको लागि सामाजिक परिक्षण, नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था, गुनासो सुनुवाईको लागि आवश्यक संयन्त्रको प्रयोग गरिनेछ।
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी शसक्त एवं जिम्मेवार बनाई सेवा सुदृढ गरिनेछ।
- स्वास्थ्य संग सम्बन्धित राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्प्रेरित गरिनेछ।
- पाटन नगरपालिका भित्रका नागरिकहरुलाई स्वास्थ्य सम्बन्धी सूचना पाउने तथा आफ्नो उपचार सम्बन्धी जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- स्वास्थ्य सेवा प्रदायक र स्वास्थ्य संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानूनी ब्यवस्थालाई पाटन नगरपालिका भर प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

- स्वास्थ्य सूचना तथा सन्देशहरु जनता सम्म छिटोछरीतो रुपमा प्रवाह गर्नको लागि डिजिटल माध्यमको प्रयोगमा जोड दिईनेछ ।

**नीति: १५ . पाटन नगरपालिकाबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानीय स्तरमा उत्पादन हुने ( रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन र उपभोगलाई प्रोत्साहन गर्दै बहुक्षेत्रीय पक्षहरु संग समन्वय र सहकार्य गरिनेछ ।**

- नगरबासीहरुको पोषण स्थितिको नियमित लेखाजोखा तथा पोषण अवस्थाको पहिचान गरी उपचार व्यवस्थापन गरिनेछ ।
- खाद्य विविधीकरणमा जोड दिदै पाटन नगरपालिकावासीहरुको पोषण व्यवहार परिवर्तन गर्ने तथा अत्यधिक प्रशोधित खाद्य वस्तुहरू (Ultra Processed Food) लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।
- अर्गानिक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित-गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न प्रोत्साहित गरिनेछ ।
- पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पदार्थ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सो को गुणस्तर कायम गर्न आवश्यक कार्य गरिनेछ ।
- स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रशोधन तथा बजारीकरणका लागि साना किसान, ब्यवसायी प्रोत्साहन कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषण संग सम्बन्धित कार्यक्रमलाई विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । पोषण पुनर्स्थापना गृहहरूसंगको सहकार्यमा मेडिकल जटिलता सहितका कडा शिघ्र कुपोषित वालवालिकाको उपचारको व्यवस्था मिलाइनेछ ।
- सम्बद्ध निकायहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ साथै बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट २ बर्ष मूनिका बालबालिकाको हरेक महिना नियमित बृद्धि अनुगमन, परामर्श तथा उपचार गरिनेछ । बालबालिका, किशोरी, गर्भवती, सुत्केरी र २ बर्ष मुनिका बच्चाका आमाहरुको पोषण स्थिति सुधार गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

- पोषण सेवा प्रवाहमा सुनिश्चितता कायम गर्न आवश्यक सूचकहरू पुरा गरी पोषणमैत्री स्वास्थ्य संस्था, पोषणमैत्री वडा र पोषणमैत्री नगरपालिका घोषणा गर्न पहल गरिनेछ।

**नीति: १६. जनसंख्या संरचना र प्रवृत्तिलाई समग्र विकासको आधार मानी जनसंख्या व्यवस्थापनलाई नगरपालिकाको नीतिगत प्राथमिकता तथा दीर्घकालीन विकास योजनाको अभिन्न अंग बनाइनेछ।**

- जनसंख्याको प्रवृत्ति तथा आवश्यकताको आधारमा स्वास्थ्य, शिक्षा, रोजगारी र पूर्वाधार सेवाको सन्तुलित विस्तार गरिनेछ।
- युवा तथा कार्यशील जनसंख्यालाई आकर्षित गर्न स्वरोजगार, सीप विकास र लगानीमैत्री वातावरण निर्माण गरिनेछ।
- बसाइसराइ, जन्मदर, मृत्यु दर लगायतका जनसांख्यिक सूचकहरू नियमित अद्यावधिक गरी नीति निर्माणमा प्रयोग गरिनेछ।
- दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासको लागि अध्ययन एवं पैरबी गर्नुका साथै संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ।

**नीति: १७. गुणस्तरीय अत्यावश्यक औषधीमा सर्वसाधारणको सहज पहुँच सुनिश्चित गरिनेछ।**

- सबै स्वास्थ्य संस्थाहरुमा बर्ष भरी नै गुणस्तरीय अत्यावश्यक औषधीको उपलब्धता सुनिश्चित गरिनेछ।
- बजार क्षेत्रमा केन्द्रित निजी औषधि पसलहरु दुर्गम क्षेत्रमा बिस्तार गर्न प्रोत्साहन गरिनेछ।
- प्रतिकारात्मक संभार (Reverse Logistics), बिक्रि उपरान्त संभार (After-Sales Logistics) जस्ता सिद्धान्तलाई ब्यवहारिक रुपमा लागू गरिनेछ।

**१४. संस्थागत संरचना**

- राष्ट्रिय स्वास्थ्य नीति तथा प्रदेश स्वास्थ्य नीति यस नगर स्वास्थ्य नीतिको मार्गदर्शनको रुपमा रहनेछन।
- संविधानले परिभाषित गरेको जिम्मेवारी तथा संघीय संरचना अनुरुप यस नगरपालिकामा विद्यमान संरचनाका साथै आवश्यकता अनुसार थप संरचनाहरु पुनरावलोकन, सुधार तथा संशोधन गरी लागू गरिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

- नगरपालिका क्षेत्र भित्र संचालित सुरक्षित प्रसुती केन्द्रहरुलाई साविकका जनशक्तिमा थप नहुने गरि शहरी स्वास्थ्य केन्द्रहरुमा रुपान्तरण गरि प्रसुती सहित स्वास्थ्य, उपचार, जनस्वास्थ्य प्रबर्द्धनका सेवाहरु प्रदान गरिनेछ।

- हाल वार्षिक रुपमा ५ जना भन्दा कम संस्थागत प्रसुती हुने शहरी स्वास्थ्य केन्द्रहरुमा १ जना सहयोगी र अ.हे.ब. वा अ.न.मी. मध्ये १ जना मात्रै स्वास्थ्यकर्मी मार्फत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

- नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा संघीय सरकारवाट स्वीकृत दरबन्दीमा कार्यरत जनशक्तिलाई सेवाग्राहीको चापको आधारमा कम सेवाग्राही भएको स्वास्थ्य संस्थाको दरबन्दीमा कार्यरत जनशक्तिहरुलाई बढी सेवाग्राही आउने स्वास्थ्य संस्थामा खटाई समताका आधारमा सेवा प्रवाह गरिनेछ।

- नगर स्वास्थ्य नीतिले परिकल्पना गरे अनुसार आवश्यक कानून निर्माण, मापदण्ड, निर्देशिका, कार्यविधी लगायतका दस्तावेजहरु बिकास गरी लागू गरिनेछ।

- स्वास्थ्य नीतिको बिस्तृत कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ।

## १५. आर्थिक पक्ष

नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट विनियोजित बजेट, निजी तथा गैर सरकारी एवं साझेदार संघ संस्थाबाट प्राप्त सहयोग यस नीति कार्यान्वयनका प्रमुख वित्तीय स्रोत रहनेछन। यस नीतिमा रहेका उद्देश्यहरू हासिल गर्न नगरपालिकाका सबै शाखाहरूको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडि ल्याइनेछ। नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीतिहरू सम्बोधन गराउन पहल गरिनेछ। यस नीतिको प्राथमिकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक स्रोत व्यवस्थापन गर्न पहल गरिनेछ।

## १६. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनका क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्यांकन गर्ने दायित्व नगर कार्यपालिकाको हुनेछ। यसका लागि नगर अनुगमन समिति, सामाजिक विकास समिति र शाखाको क्षमता विकास गरिनेछ। वडा समितिहरू एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत



नगर प्रमुख

राष्ट्रिय योजना आयोगले त्तर्जुमा गरेको नतिजामा आधारित अनुगमन मूल्याङ्कन ढाँचा तथा नेपाल सरकारले कार्यान्वयनमा ल्याएको अनुगमन तथा मूल्यांकन प्रणाली समेतलाई मध्यनजर गरी नगरपालिकाले अनुगमन मूल्यांकन प्रणालीको विकास गरिनेछ । उपयुक्त संयन्त्र निर्माण गरी अनुगमन तथा मूल्यांकन प्रणालीलाई नियमित प्रभावकारी बनाइनेछ । प्रत्येक ३-५ वर्षमा यस नीति कार्यन्वयनको समीक्षा गरी आवश्यकता अनुसार समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ ।

### १७. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि स्वास्थ्य रणनीति, योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयनमा लगिने छ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक कानुन तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिबद्धताको अधीनमा रही यस नीति कार्यान्वयनको कार्ययोजना बनाइनेछ । सोहि कार्ययोजना अनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रूपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

### १८. जोखिम

मौलिक अधिकारका रुपमा स्थापित भएको आधारभूत स्वास्थ्य सेवालाई सुदृढ एवम् सक्षम स्वास्थ्य प्रणाली मार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने समन्वय, स्रोत र साधन व्यवस्थापन हुन नसकेमा कार्यान्वयनमा कठिनाइ भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरू प्राप्तिमा जोखिम हुन सक्ने सम्भावना रहेकोछ ।

प्रमुख प्रशासकीय अधिकृत